"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"
# पाँचखाल नगरपालिका
# Panchkhal Municipality
नगर कार्यपालिका कार्यालय
Office of Municipal Executive
पाँचखाल, काभ्रेपलान्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प.सं./FY ०७९/८०
च.नं./Ref. No.:

## सेवा करारमा पदपूर्ति सम्वन्धी सूचना

**पुन: प्रकाशित मिति : २०७९/१२/०७**

पाँचखाल नगरपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ तथा स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि,२०७९ बमोजिम पशुपन्छी विकास शाखाका लागि तपसिलको पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं. | विज्ञापन नं. | पद | तह | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | पशुपन्छी विकास शाखा २/०७९/०८० | पशु चिकित्सक | अधिकृतस्तर छैठौं | १ जना | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा B.Vsc. & AH/B.V.Sc. वा सो सरहको स्नातक तह उत्तीर्ण र नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको हुनु पर्ने छ । |

**१.आवश्यक अन्य योग्यता र अनुभव :-**

क.दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको र अदालतबाट कुनै फौजदारी अभियोग या कुनै कसुर प्रमाणित नभएको ।

ख.पाँचखाल नगरपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धीत कार्यविधि,२०७५ बमोजिम स्थानीय बासिन्दालाई प्राथमिकता दिन सकिनेछ ।

२.दरखास्त दिने स्थान र अन्तिम मिति:- पाँचखाल नगरपालिकाको कार्यालाय (सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र) कार्यालय समय भित्र ।

३.दरखास्त दस्तुर:-रु.१,०००/-(एक हजार रुपैंया मात्र ।)

४.निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु:- निवेदन, दस्तुर बुझाएको रसिद, नागरिकताको प्रतिलिपि, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, पशु चिकित्सा परिषद्को दर्ता प्रमाणपत्रको प्रतिलिपि, कामको अनुभव खुलेको कागजातहरु ।

पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेव्दार स्वयले हस्ताक्षर गरी प्रदान गरेको हुनुपर्छ ।

५.सेवा तथा सुविधाहरु : मासिक पारिश्रमिक अधिकृत स्तर छैठौंको शुरु तलब स्केल सरह हुनेछ । अन्य सुविधाको हकमा पाँचखाल नगरपालिकाले प्रचलित नियम अनुसार करार सम्झौतामा उल्लेख गरी प्रदान गर्न सक्नेछ ।

६.छनौटको तरिका पाँचखाल नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७५ बमोजिम योग्यताक्रमको सूचि प्रकाशन गरि अन्तरवार्ताबाट ।

७.सम्पर्क व्यक्तिको मोवाइल नं. : दत्त प्रसाद गौतम (पशु विकाश अधिकृत) ९८४१४१४००१

८.सम्पर्क र परिक्षाको मिति: सम्पर्क मिति आवेदन दिने अन्तिम दिनको भोलिपल्ट र परिक्षाको मिति सम्पर्क मितिमा तोकिने छ । थप जानकारीका लागि यस नगरपालिकामा सम्पर्क राख्न सकिने छ । साथै दरखास्त फारम यस नगरपालिकाको कर्मचारी प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ ।

सूर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत